# क्याफ्स कर्णाली परियोजना
## CAFS-Karnali Project

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

ADAPTATION FUND
WFP

मासिक बुलेटिन

बर्ष २, अंक ६, असोज, २०७७


## भुवानेखोलादेखि नाइढुङ्गा सिँचाई कुलो निर्माण कार्य सम्पन्न

यस आर्थिक बर्ष २०७६/७७ मा मुगु जिल्लाको खत्याड गाँउपालिका वडा नं.२ सेरीमा क्याफ्स कर्णाली परियोजना अन्तर्गत करिब ११ हेक्टर जमीन सिँचित गर्ने परम्परागत कुलोको स्तरोन्नति गरिएको छ । विगत ८० वर्षदेखि समुदायद्वारा संचालित २४६० मिटर लम्बाई रहेको भुवाने खोलादेखि नाइढुङ्गा सम्मको उक्त कुलो साविकको सेरी ग.वि.स.द्वारा सामान्य मर्मत कार्य मात्र भइरहेको थियो।



भुवानेखोलादेखि नाइढुङ्गा सिँचाई कुलो योजनाले सिँचाई हुने जमिन

यस सिँचाई कुलोको धेरै भागमा स्थाई संरचनाहरु नभएकाले मुहानबाट आउने पानीको चुहावट धेरै भई सिँचाई सुविधा प्रभावकारी हुन सकेको



निर्माण पछिको सिँचाई कुलो

थिएन । मुहानमा पानी बहाव (Discharge) प्रयाप्त मात्रामा भएपनि चुहावटको कारण स्थानीय समुदायले चाहिए जस्तो सिँचाई गर्न सकेका थिएनन्। फलतः यो आयोजना स्थानीय सरकारको प्राथमिकतामा रहेको थियो । यस आयोजना निर्माणको क्रममा संकटासन्न समुदायका ९२ घरधुरीहरुले दक्ष तथा अदक्ष काममा अल्पकालिन रोजगारीको अवसर प्राप्त गरि दक्ष श्रम बापतको रु.२,०४,०२४।३९ तथा अदक्ष श्रम बापतको रु.२१,४९,९७५।६५ समेत प्राप्त गरेका छन् । यो सिँचाई प्रणाली निर्माण पश्चात १८ हेक्टर जमिनमा सिँचाई उपलब्ध भएको छ। यसबाट जमिनक उत्पादकत्व बृद्धि भई पुर्ववत उत्पादनमा करिव २० प्रतिशतले बृद्धि भएको छ र २३२ घरधुरीहरुले सिँचाईको सुविधाबाट लाभान्वित भएका छन् । सिँचाई प्रणालीको निर्माण भएपछि परम्परागत खेती प्रणालीमा बिविधीकरण भएको छ । अन्नवाली, तरकारी बाली तथा दलहन बालीको उत्पादनमा टेवा पुगेको छ। खाद्य सुरक्षाका दृष्टिकोणले यस सिँचाई प्रणालीले उत्पादनमा बृद्धि गरि केही समयका लागि खाद्य उपलब्धताको स्थिती सृजना गरेको छ । क्याफ्स कर्णाली परियोजनाबाट रु. ५६,९६,१६६।७३ तथा रु. ६,२२,२६७७ बराबरको स्थानीय समुदायको जनश्रमदान जुटाइ कुल लागत रु. ६३,१८,४३४।४३ मा यो आयोजना सम्पन्न भएको थियो।

> “सिँचाई प्रणालीको निर्माण भएपछि परम्परागत खेती प्रणालीमा बिविधीकरण भएको छ।”



जुम्लाको हिमा गाउँपालिकामा सिस्नु प्रशोधन लघु उद्यम व्यवसाय सचांलनका लागी चाहिने आवश्यक सामाग्री वितरण गरिँदै



मुगुमा निर्माणाधिन अवस्थामा रहेको कृषि तथा गैर काष्ठ वन पैदावार भण्डारण केन्द्र



कालिकोट जिल्लाको पचालझरनामा निर्माणाधिन अवस्थामा रहेको तल्लो कोल्ठे सिँचाई आयोजना

## २०७७ असोज महिनामा सम्पन्न मुख्य क्रियाकलापहरु

**मुगु:**

१. सम्पन्न क्रियाकलापहरु : ६ सा. ब. उ. स. को कार्ययोजना नवीकरणमा सहयोग, कृषि बाली व्यबस्थापन तालिम, लघु उद्यम प्रबर्द्धन कार्यक्रमका लागि व्यबसायिक योजना तयारी

२. निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु : नेरा गाउँ सिँचाई, काढाँकुलो सिँचाई, चुच्चेदेखि मानसिँग खोला सिँचाई, खमालेको भुक्षय नियन्त्रण आयोजना तथा तारापानी रष्टिक स्टोर, कृषि तथा गैर काष्ठ वन पैदावार भण्डारण केन्द्र निर्माण

**जुम्ला :**

१. सम्पन्न क्रियाकलापहरु : १ ठाडोखोला सिँचाई आयोजना, १ घट्टेखोला सिँचाई आयोजना, २०० घरधुरीलाई बिउ भण्डारण (Super Grain Bag) वितरण

२. निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु : मानेचौर र ताम्ती रष्टिक स्टोर, मानेचौर सोलार सहितको सामुदायिक सेवा भवन

**कालिकोट :**

१. सम्पन्न क्रियाकलापहरु : घरबारी बगैंचा (करेसाबारी) कार्यक्रमबाट १४३९ घरधुरी लाभान्वित (तालिम, बिउ बिरुवा वितरण आदि), ७०० घरधुरीलाई Super Grain Bag वितरण, १२ सा. ब. उ. स. को कार्ययोजना नवीकरणमा सहयोग

२. निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु : नानीकोट नर्सरी, खीन रष्टिक स्टोर

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याफ्स-कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिर्वतन ब्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७